# आ.व.२०८२/०८३ को

# वार्षिक प्रगति प्रतिवेदन

## (२०८२ श्रावण देखि २०८३ असार मसान्तसम्म)

कोशी प्रदेश सरकार

# प्रदेश लगानी प्राधिकरणको कार्यालय

कोशी प्रदेश, विराटनगर, नेपाल

# विषय सूची

**विषय** **पेज नं.**


१ पृष्ठभूमी........................................................................................ १

२ संगठन संरचना दरबन्दी तथा पदपूर्ति........................................................... १

३ कार्यालयको आ.व.२०८२/०८३ को आय-व्यय विवरण............................................ २

४ आ.व.२०८२/०८३ को वार्षिक अवधिमा कार्यालयबाट सम्पादित मुख्य मुख्य काम तथा उपलब्धिहरू.................................................................................. २

५ प्रमुख समस्या र समस्या समाधानका उपाय...................................................... ७

६ कार्यालयको नविनतम अभ्यास........................................................................ ९

**अनुसूची**

अनुसूचीः १ आ.व.२०८२/८३ का लागि कार्यालयको स्वीकृत अस्थायी दरबन्दी विवरण......... १०

अनुसूचीः २ आ.व.२०८२/८३ को खर्चको फाँटवारी.................................................. ११

अनुसूचीः ३ कार्यालयको जिन्सी सामग्री मौज्दातको विवरण............................................ १३

## १. पृष्ठभूमी

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ अनुसार प्रदेशस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिएको अवधिभित्र आफूले सो आर्थिक वर्षभित्र सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति एवं लागत लगायतका विवरणहरू समावेश गरी वार्षिक प्रगति प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निकायमा पठाउने प्रयोजनार्थ प्रदेश लगानी प्राधिकरणको कार्यालय कोशी प्रदेश विराटनगरबाट आ.व.२०८२/०८३ को वार्षिक प्रगति विवरण तयार गरिएको ।

## २. संगठन संरचना, तथा दरबन्दी विवरण तथा पदपूर्ति

कोशी प्रदेशमा प्रचलित सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम प्रदेश सरकारबाट नियुक्त १(एक) जना प्रमुख कार्यकारी निर्देशक र सोही ऐन अनुसार स्थापित प्रदेश लगानी प्राधिकरणको कार्यालयको लागि प्रत्येक वर्ष स्वीकृत हुँदै आइरहेको अस्थायी दरबन्दी अनुसार नै आ.व. २०८२/८३ का लागि पनि कोशी प्रदेश सरकार(मन्त्रिपरिषद्को) मिति २०८२/०४/१६ गतेको निर्णयानुसार निम्न अनुसारको अस्थायी दरबन्दी स्वीकृत भएको ।*(स्वीकृत अस्थायी दरबन्दी विवरण अनुसूची-१ मा संलग्न छ।)*

| सि. नं. | दरबन्दी विवरण | | | दरबन्दी संख्या | कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|
| | पद नाम | तह/श्रेणी | सेवा/समूह | | | |
| १ | उपसचिव | ९/१० | प्र./सा.प्र. | ० | १ | कामकाजमा कार्यरत। |
| २ | शाखा अधिकृत | ७/८ | प्र./सा.प्र | १ | १ | संघ दरबन्दीमा रहनुभएका १ जना शाखा अधिकृत कामकाजमा कार्यरत। |
| ३ | ना.सु./सहायक अधिकृत | ५/६ | प्र./सा.प्र | १ | २ | संघ दरबन्दीमा रहनुभएका २ जना नायब सुब्बा कामकाज/काजमा कार्यरत |
| ४ | लेखापाल/सहायक अधिकृत | ५/६ | प्र./लेखा | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेशमा कार्यरत १ जना लेखा अधिकृत थप(दोहोरो) जिम्मेवारीमा कार्यरत |
| ५ | कम्प्युटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत | ५/६ | विविध | १ | ० | रिक्त रहेको |
| ६ | हलुका सवारी चालक | तह विहिन | - | १ | १ | करारमा कार्यरत |
| ७ | कार्यालय सहयोगी | तह विहिन | - | १ | १ | करारमा कार्यरत र थप १ जना ज्यालादारी कर्मचारीका रुपमा कार्यरत |
| जम्मा | | | | ६ | ७ | |

## ३. कार्यालयको आ.व.२०८२/०८३ को आय-व्यय विवरण

➢ <u>कार्यालयको आय-व्यय विवरण</u>

| शिर्षक | आय | शिर्षक | व्यय | | |
|---|---|---|---|---|---|
| | आ.व.२०८२/०८३ को वार्षिक विनियोजित बजेट(रू.) | | आ.व.२०८२/०८३ | | |
| | | | लगानी प्राधिकरणको बैठकबाट विनियोजित खर्च शिर्षकगत बजेट (रू.) (सि.नं १, २ मात्र) | २०८२ श्रावण देखि २०८३ असार मसान्तसम्मको खर्च(रू.) | प्रगति (%) |
| कोषको अल्या तथा विभिन्न शिर्षकमा प्राप्त आम्दानी | २२,७६,४९०/- | | | | |
| चालू तर्फ | ५०,००,०००/- | १.चालू खर्च | ७२,७६,४९०/- | ६६,०५,७५७.५/- | ९०.७८% |
| पुंजीगत तर्फ | ५,००,०००/- | २.पूंजीगत खर्च | ५,००,०००/- | ४,१६,०७६/- | ८३.२१% |
| कुल जम्मा | ७७,७६,४९०/- | | ७७,७६,४९०/- | ७०,२१,८३३.५ | ९०.९% |

## ४. आ.व.२०८२/०८३ को वार्षिक अवधिमा कार्यालयबाट सम्पादित मुख्य मुख्य काम तथा उपलब्धिहरू

➢ *<u>कार्यालयबाट सम्पादित काम:-</u>*

| सि. नं. | कार्यालयबाट सम्पादित कामको विवरण | हासिल भएका उपलब्धी |
|---|---|---|
| १ | दुहबी न.पा. ४ स्थित **फोहोरमैला व्यवस्थापन परियोजना**को लगानी स्वीकृत भइ गठित वार्ता समितिद्वारा तयार गरिएको परियोजना विकास | दुहबी नगरपालिका नगर कार्यपालिकाको बैठक बसी परियोजना विकास सम्झौता (PDA) को मस्यौदा सम्बन्धमा आवश्यक निर्णय, सहमती र सुझाव प्राप्त |

| | | |
|---|---|---|
| | सम्झौता(PDA) को मस्यौदामा आवश्यक निर्णयका लागि दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुनसरी पठाइएको। | भएको। |
| २ | दुहबी न.पा. ४ र १० स्थित **Multi Chamber Cold Storage And Agro Processing Centre परियोजना**को लगानी स्वीकृत भइ गठित वार्ता समितिद्वारा तयार गरिएको परियोजना विकास सम्झौता(PDA) को मस्यौदामा आवश्यक निर्णयका लागि दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुनसरी पठाइएको। | दुहबी नगरपालिका नगर कार्यपालिकाको बैठक बसी परियोजना विकास सम्झौता (PDA) को मस्यौदा सम्बन्धमा आवश्यक निर्णय, सहमती र सुझाव प्राप्त भएको। |
| ३. | रामधुनी न.पा. ७ स्थित **रास ताल क्षेत्रको पूर्वाधार विकास निर्माण तथा सञ्चालन परियोजना**को लगानी स्वीकृत भइ गठित वार्ता समितिद्वारा तयार गरिएको परियोजना विकास सम्झौता(PDA) को मस्यौदामा आवश्यक निर्णयका लागि दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुनसरी पठाइएको। | रामधुनी नगरपालिका नगर कार्यपालिकाको बैठक बसी परियोजना विकास सम्झौता (PDA) को मस्यौदा सम्बन्धमा आवश्यक निर्णय, सहमती र सुझाव प्राप्त भएको। |
| ४ | बेलका न.पा. ९ धौरी स्थित **फोहोरमैला व्यवस्थापनसहित मल कारखाना तथा पशुपालन परियोजना**को लगानी स्वीकृत भइ गठित वार्ता समितिद्वारा तयार गरिएको परियोजना विकास सम्झौता(PDA) को मस्यौदामा आवश्यक निर्णयका लागि दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुनसरी पठाइएको। | बेलका नगरपालिका नगर कार्यपालिकाको बैठक बसी परियोजना विकास सम्झौता (PDA) को मस्यौदा सम्बन्धमा आवश्यक निर्णय, सहमती र सुझाव प्राप्त भएको। |
| ५ | **रानी विराटनगर देखि विराटनगर बस पार्कसम्मको हाईवे क्षेत्रमा"** पोडवे परियोजनाको विस्तृत सम्भाव्यता अध्ययनका लागि काठमाडौं पोडवे कम्पनी प्रा.लि., काठमाडौं म.न.पा.-७ र प्राधिकरण कार्यालयबीच समझदारी गरिएको। | विस्तृत सम्भाव्यता अध्ययनका लागि अनुमति दिइएको। |
| ६. | त्रियुगा नगरपालिका स्थित **"बरुवा विजनेश कम्प्लेक्स एण्ड बसपार्क"** परियोजनामा लगानी सम्मेलनको अवसरमा भएको समझदारी पत्र रद्द गरिएको। | लगानीका लागि नयाँ प्रस्तावको सूचना आह्वान गरिएकोमा प्रस्ताव नपरेकाले नयाँ विकासकर्तासँग वार्ताद्वारा परियोजना अघि बढाइएको। |
| ७. | स्वीकृत गरिएको वार्षिक बजेट तथा कार्यक्रमलाई आवश्यकता र औचित्यताका आधारमा बजेटको अधिकतम कार्यान्वयन गर्ने प्रयास भएको। | कार्यालयको नियमित कार्यसञ्चालनका साथै लगानी सम्मेलन Follow Up कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालबाट प्राप्त जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिएको। |

| | | |
|---|---|---|
| ८. | प्रथम कोशी प्रदेश लगानी सम्मेलन, २०२५ र थप गरिएको अवधिमा सार्वजनिक निजी साझेदारी अवधारणाबाट परियोजना विकास गर्न इच्छुक विकासकर्ता र प्रदेश सरकार बीच भएको समझदारीपत्र(MoU) का सन्दर्भमा परियोजनाको सम्भाव्यता अध्ययन अनुमति पत्र दिने अवधि सम्वत् २०८३ साल मंसिर मसान्तसम्मका लागि मात्र कायम गरिएको। | समझदारीपत्रबमोजिम परियोजना विकास तथा कार्यान्वयनका लागि कार्यालयमा सम्पर्क गर्ने विकासकर्ताहरूको संख्यामा वृद्धि हुनुका साथै परियोजना विकास तथा कार्यान्वयनप्रति विकासकर्ताहरूको सक्रियता समेत बढ्दै गएको। |

➢ *<u>निम्न सन्दर्भमा भएका कार्य:-</u>*

| सि. नं. | विवरण | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | कानून निर्माणको अवस्था(ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड) | * सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६<br>* सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७<br>* प्रदेश लगानी प्राधिकरणको बैठक सम्बन्धी कार्यविधि, २०७७ निर्माण भइ सोही अनुसार कार्य सञ्चालन भइरहेको । |
| २ | संरचनात्मक सुधार तथा शासकीय सुधारका सम्बन्धमा गरिएका कार्यहरू | * कार्यालयको स्थायी संगठन संरचना व्यवस्थापनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको।<br>* कार्यालयको क्षमता विकास योजनाको प्रारुप तयार गरी प्रदेश योजना आयोग, कोशी प्रदेश मा पठाइएको। |
| ३ | नवीनतम तथा विशेष कार्यहरू | * चालू आ.व. २०८२/०८३ मा कोशी प्रदेश लगानी सम्मेलन-को Follow up कार्यक्रममा सहजिकरण गरेको।<br>* कार्यालयको वेवसाइटलाई सरकारी एकीकृत वेवसाइट व्यवस्थापन प्रणाली (GIWMS)मा निर्माण गरिएको।<br>* कार्यालयको ई-हाजिरी प्रणालीलाई एकीकृत प्रणाली (e-attandance.gov.np) मा आवद्ध गर्न पत्राचार गरिएको। |
| ४ | हेलो सरकार तथा विधुतीय गुनासो कक्ष(मु.म.तथा म.प.कार्यालय) बाट प्राप्त गुनासो सम्बोधन अवस्था | आ.व.२०८२/०८३ मा प्राप्त १ मात्र गुनासोको समयमा नै सम्बोधन गरी फर्छ्यौट गरिएको। साथै कार्यालयमा माग गरिएका सूचना समेत समयमा नै उपलब्ध गराइएको । |

➢ *परियोजना विकासका सन्दर्भमा हालसम्म भए गरेका प्रगतिः*

परियोजनागत प्रगति विवरण

| क्र. सं. | परियोजनाको नाम, ठेगाना | अनुमानित लागत(रू.) | विकासकर्ताको नाम, ठेगाना | विकासको क्षेत्र | संचालन प्रक्रिया | हालसम्मको प्रगति अवस्था |
|---|---|---|---|---|---|---|
| १ | भेडेटार स्काई वाक परियोजना, साँगुरीगढी गा.पा.६,भेडेटार | २० करोड | श्री वन्डर्स एमुन्जमेन्ट पार्क्स एण्ड एट्राक्सन्स प्रा.लि.,बुढीगंगा गाउँपालिका-१, मोरङ्ग | पर्यटन | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | निर्माण सम्पन्न भई मिति २०८१/०४/११ गते देखि सञ्चालनमा आएको तथा सम्झौता(PDA) अनुसार वार्षिक रुपमा अनुमति दस्तुर र रोयल्टीसमेत प्रदेश सरकारलाई बुझाउँदै आएको |
| २ | फोहोरमैला व्यवस्थापन परियोजना, दुहबी न.पा. वडा नं ४, सुनसरी | ५५.९५ करोड | श्री रिभाइभ इन्फ्राटेक एण्ड इन्भेष्टमेन्ट प्रा.लि., काठमाडौ | MSW | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | लगानी स्वीकृत भइ परियोजना विकास सम्झौता (PDA) का लागि तयार गरिएको मस्यौदामा सम्बन्धित स्थानीय तहबाट सुझाव, सहमति एवम् निर्णय प्राप्त भएको। |
| ३ | Multi Chamber Cold Storage & Agro Processing Centre परियोजना, दुहबी न.पा. वडा नं ४, सुनसरी | ३४ करोड | श्री दीर्घायु एग्रो एण्ड इन्भेष्टमेन्ट प्रा.लि., विराटनगर | कृषि | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | लगानी स्वीकृत भइ परियोजना विकास सम्झौता (PDA) का लागि तयार गरिएको मस्यौदामा सम्बन्धित स्थानीय तहबाट सुझाव, सहमति एवम् निर्णय प्राप्त भएको। |
| ४ | फोहोरमैला व्यवस्थापनसहित मल कारखाना तथा पशुपालन परियोजना, बेलका न.पा. वडा नं ९ स्वामी टोल, उदयपुर | २० करोड | श्री रामपुर बहुउद्देश्यीय कृषि फार्म कम्पनी, इटहरी म.न.पा.-४ | कृषि पूर्वाधार | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | लगानी स्वीकृत भइ परियोजना विकास सम्झौता (PDA) का लागि तयार गरिएको मस्यौदामा सम्बन्धित स्थानीय तहबाट सुझाव, सहमति एवम् निर्णय प्राप्त भएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | रास ताल क्षेत्रको पूर्वाधार विकास निर्माण तथा सञ्चालन परियोजना, रामधुनी न.पा. वडा नं ७, सुनसरी | ९८.५८ करोड | श्री अर्वन एक्सप्लोरर प्रा.लि., विराटनगर | पर्यटन पूर्वाधार | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | लगानी स्वीकृत भइ परियोजना विकास सम्झौता (PDA) का लागि तयार गरिएको मस्यौदामा सम्बन्धित स्थानीय तहबाट सुझाव, सहमति एवम् निर्णय प्राप्त भएको। |
| ६ | "रानी विराटनगर देखि विराटनगर बस पार्कसम्मको हाईवे क्षेत्रमा" पोड वे परियोजना, मोरङ | ४ करोड ५१ लाख अमेरिकी डलर | काठमाडौं पोडवे कम्पनी प्रा.लि., काठमाडौं म.न.पा-७ | पूर्वाधार विकास | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | विस्तृत सम्भाव्यता अध्ययनका लागि अनुमति दिन प्रक्रिया अघि बढाइएको। |
| ७ | बरुवा विजनेश कम्पलेक्स एण्ड बसपार्क परियोजना, त्रियुगा न.पा., उदयपुर | ५५ करोड | श्री कमल बहादुर कार्की (समझदारी पत्रमा हस्ताक्षर गरेका विकासकर्ता) | पूर्वाधार विकास | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | समझदारीपत्र रद्द गरी उक्त परियोजनामा लगानीका लागि नयाँ प्रस्तावको सूचना आव्हान गरिएको। |
| ८ | विराटनगर बहुउद्देश्य व्यापारिक भवन, विराटनगर म.न.पा.९ गुद्री बजार | ४ अर्ब ८० करोड | डोर वे इन्टरनेशनल प्रा.लि., काठमाडौं | वाणिज्य | सार्वजनिक निजी साझेदारी(बुट मोडल) | विस्तृत सम्भाव्यता भई परियोजना विकास सम्झौता(PDA)को चरणमा रहेको |
| ९ | बर्जु ताल पर्यटकीय पूर्वाधार परियोजना, बर्जु गा.पा. ६ सुनसरी | ४ अर्ब १४ करोड | केहीरोज इन्टरनेशनल प्रा.लि., काठमाडौं | पर्यटन | सार्वजनिक निजी साझेदारी(बुट मोडल) | विस्तृत सम्भाव्यता भई परियोजना विकास सम्झौता(PDA)को चरणमा रहेको |
| १० | विराटनगर नगरबस परियोजना, विराटनगर म.न.पा.मोरङ्ग | २५ करोड | विराटनगर यातायात प्रा.लि., मोरङ्ग | सेवा | सार्वजनिक निजी साझेदारी(बुट मोडल) | परियोजनाको प्राविधिक पक्षको मूल्याङ्कन भइ प्राप्त प्रतिवेदन प्राधिकरणबाट स्वीकृत भएपश्चात लगानीका लागि स्वीकृति दिने चरणमा रहेको |
| ११ | ग्रीन युरिया उत्पादन सम्बन्धि परियोजना | २६ अर्ब | नेपाल ग्रीन हाईड्रोजन कम्पनी प्रा.लि., ललितपुर म.न.पा.१ ललितपुर | वाणिज्य | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | परियोजनाको विस्तृत सम्भाव्यता अध्ययनका लागि समझदारी(MOU) गरिएको। |
| १२ | क्लिङ्कर उद्योग स्थापना सम्बन्धी परियोजना उदयपुर | ३१ अर्ब | बाराहा ईन्फ्रा ईन्भेष्टमेन्ट प्रा.लि. काठमाडौं म.न.पा.४ काठमाडौं | वाणिज्य | सार्वजनिक निजी साझेदारी(बुट मोडल) | विस्तृत सम्भाव्यता अध्ययनका लागि सम्झौता भएको । |

➢ *भएका अन्य गतिविधिः-*

- पत्रकार सम्मेलन मार्फत परियोजनाहरुको हालको प्रगति विवरण सार्वजनिक गरिएको र सोको जानकारी वेभसाइटमा समेत राखिएको,
- लगानी सम्मेलन Follow Up कार्यक्रम मार्फत लगानी सम्मेलन २०२५ मा समझदारी भएका परियोजनाहरुको प्रगति समिक्षा गरिएको
- कार्यालयको क्षमता विकासका सम्बन्धमा क्षमता विकास योजना तयार भइ प्रदेश योजना आयोगमा पठाइएको
- परियोजना कार्यान्वयनका लागि सरोकारवाला पक्ष तथा सम्बद्ध निकाय बीच निरन्तर छलफल भएको ।

## ५. प्रमुख समस्या र समस्या समाधानका उपायः

**समस्या:-**

- सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ तथा ऐ. नियमावली, २०७७ मा भएका कतिपय कानुनी असपष्टताका कारण परियोजना विकास र कार्यान्वयनका सिलसिलाबद्ध प्रक्रिया बुझन कठिन भएको
- कार्यालयको कार्यक्षेत्र र कार्यप्रकृति अनुसार उपलब्धि हासिल गर्न कार्यालयका लागि वार्षिक रूपमा विनियोजन हुने बजेट न्यून रहनु,
- कोशी प्रदेश सरकारबाट कार्यालयको स्थायी संगठन संरचना हालसम्म पनि स्वीकृत नभएको हुँदा लोकसेवाबाट प्रशासनिक तथा प्राविधिक जनशक्ति व्यवस्थापन नहुँदा अपेक्षाकृत रूपमा कार्यालयले उपलब्धी हासिल गर्न नसकिएको,
- प्रत्येक आर्थिक वर्षमा स्वीकृत हुने अस्थायी संगठन संरचनामा समेत आवश्यक प्राविधिक जनशक्तिको दरबन्दी स्वीकृत नहुँदा परियोजना कार्यान्वयनमा समस्या भइरहेको जसले गर्दा परियोजना अध्ययन, निर्माण तथा संचालनका लागि प्राप्त हुन आउनसक्ने दस्तुर/राजस्वको परिमाणमा कमी भएको,
- कार्यालयको आफ्नो सरकारी भवन नहुँदा भाडाका घरबाट प्रशासनिक कार्य सञ्चालन गरिरहनु परेकाले कार्यालय व्यवस्थापनमा असहजता महसुस भएको,
- दुर्गममा रहेका स्थानीय तहहरुका सम्भावित परियोजनालाई सार्वजनिक निजी सहकारी साझेदारीमा जोड्न नसकिएको
- प्रमुख कार्यकारी निर्देशकको पद प्रदेश सचिव सरह हुने भन्ने कानूनी व्यवस्था भए पनि उक्त पदले पाउँने आर्थिक सुबिधाको वितरणमा सो अनुरूप नभएकाले उत्प्रेरणाको अवस्था कमजोर रहेको,
- कार्यालयमा आवश्यकतानुसार चारपाङ्ग्रे सवारी साधन नभएकाले सम्भावना भएका तथा संचालनमा भएका परियोजनाको अनुगमन निरिक्षण लगायत कार्यमा असहजता भएको ।

- सार्वजनिक निजी सहकारी साझेदारी ऐन २०७६ तथा नियमावली २०७७ ले प्रदेश लगानी प्राधिकरणको कार्यालयलाई छुटै स्वायत्त निकायको रूपमा कानूनी व्याख्या गरेको भएतापनि कार्यान्वयनमा सो अनुरूप हुन नसकिरहेको।

**समस्या समाधानका उपायहरुः-**

- सार्वजनिक निजी साझेदारी अवधारणा सम्बन्धमा भएका प्रक्रिया तथा कानुनी व्यवस्थाहरुको स्पष्टता हुने गरी समयानुकुल परिमार्जन र सुधार गर्नुपर्ने
- सार्वजनिक निजी सहकारी साझेदारी ऐन २०७६ तथा नियमावली २०७७ ले प्रदेश लगानी प्राधिकरणको कार्यालयलाई छुटै स्वायत्त निकायको रूपमा कानूनी व्याख्या गरेकाले सोही अनुरूप अधिकार सम्पन्न बनाउनुपर्ने ।
- कार्यालयको आवश्यकता, कार्यक्षेत्र र कार्यप्रकृतिको मूल्याङ्कनका आधारमा समुचित रूपमा कार्यालयलाई बजेट व्यवस्थापन गरिनुपर्ने,
- कार्यालयको स्थायी संगठन संरचना यथाशिघ्र स्वीकृत गरी लोकसेवाबाट जनशक्ति व्यवस्थापनका लागि पहल गरिनुपर्ने ।
- कोशी प्रदेशमा सम्भावना भएका तथा संचालनमा रहेका परियोजनाको अनुगमन निरिक्षण लगायत कार्यलाई सहज बनाउन कार्यालयमा आवश्यकतानुसार चारपाङ्ग्रे सवारी साधन नभएकाले थप १ वटा सोको व्यवस्थापन हुनुपर्ने।
- प्रमुख कार्यकारी निर्देशकको पद प्रदेश सचिव सरह हुने भन्ने कानूनी व्यवस्था भएकाले पाउँने आर्थिक सेवा सुबिधाको वितरणमा समेत समानता हुनु पर्ने वा उत्प्रेरणा हुने गरिको सेवा सुबिधाको व्यवस्थापनका लागि छुटै कानून बनाएर अगाडि बढ्नुपर्ने,
- कार्यालयको लागि आफ्नो सरकारी भवन व्यवस्थापनको कार्यमा प्रदेश सरकारबाट सहयोग, समन्वय तथा सहजीकरण हुनुपर्ने,
- स्थानीय तहहरुलाई सार्वजनिक निजी सहकारी साझेदारी अवधारणाका सचेतना र अभ्यासका लागि गोष्ठी र सेमिनार आयोजना गर्नुपर्ने

## ६.कार्यालयको नविनतम अभ्यासः

- सिमित स्रोत साधन तथा जनशक्तिका बावजुद कार्यालयबाट यस आ.व २०८२/८३ मा विभिन्न परियोजना विकासका चरणहरु पार गरी कोशी प्रदेश लगानी सम्मेलन २०२५ र थप गरिएको अवधिमा समझदारी भएका परियोजनाहरु मध्ये हाल ४ वटा परियोजनाहरुको गठित वार्ता समितिद्वारा तयार गरिएको परियोजना विकास सम्झौता (PDA) को प्रमाणित मस्यौदा र विषय विज्ञको प्रतिवेदन समेत आवश्यक निर्णयका लागि सम्बन्धित स्थानीय तहमा पठाइएको।
- कार्यालयको वेबसाइटलाई एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली(GIWMS)मा आवद्ध गरी निर्माण गरिएको।
- कार्यालयको ई-हाजिरी प्रणालीलाई एकीकृत प्रणाली (e-attandance.gov.np) मा आवद्ध गर्न पत्राचार गरिएको।

<u>प्रतिवेदक</u>
प्रदेश लगानी प्राधिकरणको कार्यालय, कोशी प्रदेश
मिति: २०८३/०४/२८

प्रमुख सचिव

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश

## प्रदेश लगानी प्राधिकरण, विराटनगरको अस्थायी दरबन्दी तेरिज

| क.सं. | दरबन्दी विवरण | | | आ.व. २०८१/८२ को स्वीकृत दरबन्दी संख्या | आ. व. २०८२/८३ को दरबन्दी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद नाम | तह/श्रेणी | सेवा/समूह | | थप | घट | जम्मा | |
| १ | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | ७/८ | प्रदेश प्रशासन./सा.प्र. | १ | ० | ० | १ | |
| २ | नायब सुब्बा/ सहायक अधिकृत | ५/६ | प्रदेश प्रशासन./सा.प्र. | १ | ० | ० | १ | |
| ३ | लेखापाल /सहायक लेखा अधिकृत | ५/६ | प्रदेश प्रशासन/लेखा | १ | ० | ० | १ | |
| ४ | कम्प्युटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत | ५/६ | प्र.प्र./वि/सूचना प्रविधि | १ | ० | ० | १ | |
| ५ | हलुका सवारी चालक | तह विहिन | | १ | ० | ० | १ | |
| ६ | कार्यालय सहयोगी | तह विहिन | | १ | ० | ० | १ | |
| जम्मा | | | | ६ | ० | ० | ६ | |

प्रदेश सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

# अनुसूचीः २ आ.व.२०८२/८३ को खर्चको फाँटवारी

म.ले.प.फारम नं: २१०

प्रदेश सरकार
प्रदेश लगानी प्राधिकरण
कोशी प्रदेश, विराटनगर
खर्चको फाँटवारी
२०८३ साल असार महिना

आर्थिक वर्ष: २०८२।०८३

बजेट उपशीर्षकको नाम: चालु

| खर्च/वित्तीय संकेत नं | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ६४९०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६४९०.०० |
| २१११२ | पारश्रमिक पदाधिकारी | ७४००००.०० | ७३८२३१.०० | ६८१४४४.०० | ५६७८७.०० | ७३८२३१.०० | ०.०० | ७३८२३१.०० | १७६९.०० |
| २११२२ | पोशाक | ५००००.०० | ४६५००.०० | ३००००.०० | १६५००.०० | ४६५००.०० | ०.०० | ४६५००.०० | ३५००.०० |
| २११३२ | महंगी भत्ता | १८००००.०० | १८००००.०० | १५५०००.०० | २५०००.०० | १८००००.०० | ०.०० | १८००००.०० | ०.०० |
| २११३४ | बैठक भत्ता | ३०००००.०० | २८०८००.०० | ५८५००.०० | २२२३००.०० | २८०८००.०० | ०.०० | २८०८००.०० | १९२००.०० |
| २११३९ | अन्य भत्ता | ५००००.०० | २४००.०० | २४००.०० | ०.०० | २४००.०० | ०.०० | २४००.०० | ४७६००.०० |
| २२१११ | पानी तथा बिजुली | ३५००००.०० | १७६९३१.०० | १२११६०.०० | ५५७७१.०० | १७६९३१.०० | ०.०० | १७६९३१.०० | १७३०६९.०० |
| २२११२ | संचार महसुल | १५००००.०० | १०५८५७.०० | १००८५७.०० | ५०००.०० | १०५८५७.०० | ०.०० | १०५८५७.०० | ४४१४३.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ६०००००.०० | ५९९९९६.५० | ४८९५१८.५० | ११०४७८.०० | ५९९९९६.५० | ०.०० | ५९९९९६.५० | ३.५० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ६०५०००.०० | ५७६९९६.०० | ५७४८०६.०० | २१९०.०० | ५७६९९६.०० | ०.०० | ५७६९९६.०० | २८००४.०० |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | ६००००.०० | ४७३११.०० | २३२९६.०० | २४०१५.०० | ४७३११.०० | ०.०० | ४७३११.०० | १२६८९.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत खर्च | १०००००.०० | ८८८४८.०० | ७०१४८.०० | १८७००.०० | ८८८४८.०० | ०.०० | ८८८४८.०० | १११५२.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार | ५०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५०००००.०० | ४२४६८६.०० | ३८४२६७.०० | ४०४१९.०० | ४२४६८६.०० | ०.०० | ४२४६८६.०० | ७५३१४.०० |
| २२३१४ | इन्धन (अन्य प्रयोजन) | २००००.०० | १६४०.०० | ०.०० | १६४०.०० | १६४०.०० | ०.०० | १६४०.०० | १८३६०.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३०००००.०० | २४५८४२.०० | १४५१४२.०० | १००७००.०० | २४५८४२.०० | ०.०० | २४५८४२.०० | ५४१५८.०० |
| २२४११ | सेवा परामर्श | १००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००००.०० |
| २२४१३ | करार सेवा शुल्क | ९२५०००.०० | ८७७२०२.०० | ७९१७७८.०० | ८५४२४.०० | ८७७२०२.०० | ०.०० | ८७७२०२.०० | ४७७९८.०० |
| २२४१९ | अन्य सेवा शुल्क | १००००.०० | ६७८०.०० | ६७८०.०० | ०.०० | ६७८०.०० | ०.०० | ६७८०.०० | ३२२०.०० |
| २२५११ | कर्मचारी तालिम | १००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००००.०० |
| २२६११ | अनुगमन मूल्याकंन खर्च | २४००००.०० | २४००००.०० | २११९५०.०० | २८०५०.०० | २४००००.०० | ०.०० | २४००००.०० | ०.०० |
| २२६१२ | भ्रमण खर्च | २५००००.०० | १९९४२६.०० | १५७३२६.०० | ४२१००.०० | १९९४२६.०० | ०.०० | १९९४२६.०० | ५०५७४.०० |
| २२७११ | विविध खर्च | ३६००००.०० | ३५७४८३.०० | २९०१३८.०० | ६७३४५.०० | ३५७४८३.०० | ०.०० | ३५७४८३.०० | २५१७.०० |
| २८१४२ | घर भाडा | ८३००००.०० | ८२११७२.०० | ७५२७४१.०० | ६८४३२.०० | ८२११७२.०० | ०.०० | ८२११७२.०० | ८८२८.०० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | १०००००.०० | ७४५००.०० | ५६५००.०० | १८०००.०० | ७४५००.०० | ०.०० | ७४५००.०० | २५५००.०० |
| २२२१३ | योगदानमा आधारित विमाकोष | ५०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०००.०० |
| २२३१३ | पुस्तक खरिद | २००००.०० | १४३५८.०० | १४३५८.०० | ०.०० | १४३५८.०० | ०.०० | १४३५८.०० | ५६४२.०० |
| २२४१२ | सफ्टवेयर मर्मत तथा अध्यावधिक | १००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००००.०० |
| २२५२२ | कार्यक्रम खर्च अन्तरक्रिया गोष्ठी | ५०००००.०० | ४९८७९८.०० | ४९८७९८.०० | ०.०० | ४९८७९८.०० | ०.०० | ४९८७९८.०० | १२०२.०० |
| ० | चालु जम्मा | ७२७६४९०.०० | ६६०५७५७.५० | ५६१६९०७.५० | ९८८८५०.०० | ६६०५७५७.५० | ०.०० | ६६०५७५७.५० | ६७०७३२.५० |
| | जम्मा खर्च प्रतिशत | | | | | | | | |

तयार गर्नेको दस्तखत:
नाम: उमा आचार्य पोखरेल
दर्जा: ले.अ.छैटौं

प्रमाणित गर्नेको दस्तखत:
नाम: सतिश सत्याल
दर्जा: उपसचिव

उपसचिव

म.ले.प.फारम नं: २१०

प्रदेश सरकार
प्रदेश लगानी प्राधिकरण
प्रदेश नं. १
खर्चको फाँटवारी
२०८३ साल असार महिना

आर्थिक वर्ष: २०८२।०८३

बजेट उपशीर्षकको नाम : पूँजीगत

| खर्च/वित्तीय संकेत नं | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | दुइ पाङ्ग्रे सवारी साधन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३११२२ | अन्य मेशिनरी तथा औजार | ५००००.०० | ३९४१४.०० | २०९०५.०० | १८५०९.०० | ३९४१४.०० | ०.०० | ३९४१४.०० | १०५८६.०० |
| ३११२३ | फर्निचर्स तथा फिक्चर्स | ३४८०००.०० | २७६८३८.०० | ८८२५२.०० | १८८५८६.०० | २७६८३८.०० | ०.०० | २७६८३८.०० | ७११६२.०० |
| ३११२२ | प्रिन्टर खरिद | १०००००.०० | ९९८२४.०० | ०.०० | ९९८२४.०० | ९९८२४.०० | ०.०० | ९९८२४.०० | १७६.०० |
| ३११२२ | क्यामेरा खरिद | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ०.०० |
| ३११२२ | एसी खरिद | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ०.०० |
| ३११२१ | चारपाङ्ग्रे सवारी साधन खरिद | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ०.०० |
| ३११३५ | पुजीगत परामर्श खर्च | २०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | २०००.०० |
| चालु जम्मा | | ५०००००.०० | ४१६०७६.०० | १०९१५७.०० | ३०६९१९.०० | ४१६०७६.०० | ०.०० | ४१६०७६.०० | ८३९२४.०० |
| अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | 83.22 | ०.०० | | | | | |

तयार गर्नेको दस्तखतः
नामः उमा आचार्य
दर्जाः ले.अ.छैटौं

प्रमाणित गर्नेको दस्तखतः
नामः सतिश सत्याल
उपसचिव

उपसचिव

म.ले.प.फाराम नं. ४१३

कोशी प्रदेश

**प्रदेश लगानी प्राधिकरणको कार्यालय, मोरङ**

कार्यालय कोड: २०१०११३०११

प्रदेश लगानी प्राधिकरणको कार्यालय- मुख्य स्टोर

## सम्पत्ति/जिन्सी मालसामानको वार्षिक विवरण

आर्थिक वर्ष: २०८२-०८३

सम्पत्ति तथा जिन्सी मालसामानको प्रकारः खर्च भएर नजाने (सम्पति)

मुद्राः नेपाली रुपैयाँ

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| १ | ६११२११६००००२ | स्कुटर | पिस/थान | २ | ६१९,६४९.९८ | ० | ०.०० | ० | ०.०० | २ | ६१९,६४९.९८ |
| २ | ६११२११७००००२ | जिप | पिस/थान | १ | ५,९९०,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ५,९९०,०००.०० |
| ३ | ६११२११९००००२ | ई-साईकल | पिस/थान | १ | ८०,०००.०१ | ० | ०.०० | ० | ०.०० | १ | ८०,०००.०१ |
| ४ | ६११२२११००००१ | डेस्कटप कम्प्युटर | पिस/थान | ५ | ३२८,८३०.०० | ० | ०.०० | ० | ०.०० | ५ | ३२८,८३०.०० |
| ५ | ६११२२१२००००१ | ल्यापटप | पिस/थान | ४ | ४३८,७९४.५० | ० | ०.०० | ० | ०.०० | ४ | ४३८,७९४.५० |
| ६ | ६११२२१४००१९८ | Wireless Adaptor | पिस/थान | १ | २,१००.०० | ० | ०.०० | ० | ०.०० | १ | २,१००.०० |
| ७ | ६११२२१५००००१ | फोटोकपी मेशिन | पिस/थान | १ | ३९,५५०.०० | ० | ०.०० | ० | ०.०० | १ | ३९,५५०.०० |
| ८ | ६११२२१६००००९ | मोबाइल | पिस/थान | १ | ३०,१००.०० | ० | ०.०० | ० | ०.०० | १ | ३०,१००.०० |
| ९ | ६११२२१६००११५ | मोबाइल फोन | पिस/थान | १ | २९,९९९.२४ | ० | ०.०० | ० | ०.०० | १ | २९,९९९.२४ |
| १० | ६११२२१८००००१ | प्रिन्टर | पिस/थान | ७ | १८७,०१५.०० | १ | ९९,८२४.२० | ० | ०.०० | ८ | २८६,८३९.२० |
| ११ | ६११२२१८००००४ | स्क्यानर मेशिन | पिस/थान | १ | ९,०४०.०० | ० | ०.०० | ० | ०.०० | १ | ९,०४०.०० |
| १२ | ६११२२१९००००१ | प्रोजक्टर | पिस/थान | १ | ५९,५९०.०० | ० | ०.०० | ० | ०.०० | १ | ५९,५९०.०० |
| १३ | ६११२२१९००००३ | अन्य कम्प्युटर उपकरण | पिस/थान | ३ | १८,६५६.२८ | ० | ०.०० | ० | ०.०० | ३ | १८,६५६.२८ |

2026-08-13

शाखा अधिकृत

Page 1 of 4

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| १४ | ६११२२१९००२१८ | External SSD | संख्या | ० | ०.०० | १ | १८,६४५.०० | ० | ०.०० | १ | १८,६४५.०० |
| १५ | ६११२२२१००००२ | सिलिङ पंखा | पिस/थान | १३ | ४६,६६९.०० | ० | ०.०० | ० | ०.०० | १३ | ४६,६६९.०० |
| १६ | ६११२२२१००००५ | एयर कन्डीसनर | पिस/थान | ७ | ४५५,९३२.४० | ० | ०.०० | ० | ०.०० | ७ | ४५५,९३२.४० |
| १७ | ६११२२२१००००७ | फ्रिज | पिस/थान | २ | १०७,८०२.०० | ० | ०.०० | ० | ०.०० | २ | १०७,८०२.०० |
| १८ | ६११२२२१००००८ | भ्याकुम क्लिनर | पिस/थान | १ | १३,५६०.०० | १ | १८,५०९.४० | ० | ०.०० | २ | ३२,०६९.४० |
| १९ | ६११२२२१०००१० | ब्याट्री(Battery BDC) | पिस/थान | ६ | २२३,३९९.८७ | ० | ०.०० | ० | ०.०० | ६ | २२३,३९९.८७ |
| २० | ६११२२२१०००१४ | वासिङ मेसिन | पिस/थान | १ | ५८,७६०.०० | ० | ०.०० | ० | ०.०० | १ | ५८,७६०.०० |
| २१ | ६११२२२१०००२१ | स्टेबिलाइजेर | पिस/थान | ७ | १११,५४२.३० | ० | ०.०० | ० | ०.०० | ७ | १११,५४२.३० |
| २२ | ६११२२२१०००२६ | कुलर | पिस/थान | २ | २५,९९०.०० | ० | ०.०० | ० | ०.०० | २ | २५,९९०.०० |
| २३ | ६११२२२१०००३३ | भेहीकल वासिङ मेशिन | पिस/थान | १ | १७,८००.०० | ० | ०.०० | ० | ०.०० | १ | १७,८००.०० |
| २४ | ६११२२२१०००३७ | इन्भर्टर | पिस/थान | २ | ७९,२६०.०० | ० | ०.०० | ० | ०.०० | २ | ७९,२६०.०० |
| २५ | ६११२२२१०००५५ | स्टेन्ड पंखा | पिस/थान | ३ | १७,२८०.०० | ० | ०.०० | ० | ०.०० | ३ | १७,२८०.०० |
| २६ | ६११२२२१०००६६ | युरोगार्ड | पिस/थान | १ | २२,०००.०० | १ | २०,९०५.०० | ० | ०.०० | २ | ४२,९०५.०० |
| २७ | ६११२२२१०००७३ | मोटर (पानी तान्ने) | पिस/थान | १ | १३,५६०.०० | ० | ०.०० | ० | ०.०० | १ | १३,५६०.०० |
| २८ | ६११२२३५००००१ | टेबुल | पिस/थान | ४ | ६२,६६८.०० | १ | २०,००१.०० | ० | ०.०० | ५ | ८२,६६९.०० |
| २९ | ६११२२३५००००२ | कुर्चि | पिस/थान | १२ | ८८,१४०.०० | ० | ०.०० | ० | ०.०० | १२ | ८८,१४०.०० |
| ३० | ६११२२३५००००३ | दराज | पिस/थान | ३ | ४४,६३५.०० | ० | ०.०० | ० | ०.०० | ३ | ४४,६३५.०० |
| ३१ | ६११२२३५००००६ | सोफासेट | पिस/थान | २ | १४०,७६५.२३ | २ | १५३,५००.३३ | ० | ०.०० | ४ | २९४,२६५.५६ |
| ३२ | ६११२२३५००००९ | स्टिल दराज | पिस/थान | ४ | ३३०,९६४.०० | ० | ०.०० | ० | ०.०० | ४ | ३३०,९६४.०० |
| ३३ | ६११२२३५०००१० | एजुकेटीभ टेबुल | पिस/थान | १ | ४२,९४०.०० | ० | ०.०० | ० | ०.०० | १ | ४२,९४०.०० |
| ३४ | ६११२२३५०००११ | रिभल्भिङ चेयर | पिस/थान | १२ | ५८६,६१८.२० | १ | २०,००१.०० | ० | ०.०० | १३ | ६०६,६१९.२० |
| ३५ | ६११२२३५०००१३ | टि टेबल | पिस/थान | ५ | ३२,७९६.०० | ० | ०.०० | ० | ०.०० | ५ | ३२,७९६.०० |

2026-08-13

शाखा अधिकृत

Page 2 of 4


| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| ३६ | ६११२२३५०००१४ | कम्प्युटर टेबल | पिस/थान | ४ | ३८,५६१.२५ | ० | 0.00 | ० | 0.00 | ४ | ३८,५६१.२५ |
| ३७ | ६११२२३५०००१८ | खाट पलङ सोफेड | पिस/थान | १ | ७९,१००.०० | २ | ३३,९००.०० | ० | 0.00 | ३ | ११३,०००.०० |
| ३८ | ६११२२३५०००२६ | काठको दराज | पिस/थान | १ | ८४,७५०.०० | ० | 0.00 | ० | 0.00 | १ | ८४,७५०.०० |
| ३९ | ६११२२३५०००२७ | फुल सेक्रेटरी टेबुल | पिस/थान | २ | ३६,६१२.०० | ० | 0.00 | ० | 0.00 | २ | ३६,६१२.०० |
| ४० | ६११२२३५०००३८ | डाइनिङ टेबुल | पिस/थान | १ | ४८,५९०.०० | ० | 0.00 | ० | 0.00 | १ | ४८,५९०.०० |
| ४१ | ६११२२३५०००५२ | White Board (ह्वाइट बोर्ड) | पिस/थान | १ | ३,३९०.०० | ० | 0.00 | ० | 0.00 | १ | ३,३९०.०० |
| ४२ | ६११२२३५०००५४ | फाईलिङ क्याबिनेट | पिस/थान | १ | २०,४८१.२५ | ० | 0.00 | ० | 0.00 | १ | २०,४८१.२५ |
| ४३ | ६११२२३५०००५६ | भिजिटर चेयर (Visitor Chair) | पिस/थान | १२ | ८२,७१६.०० | ० | 0.00 | ० | 0.00 | १२ | ८२,७१६.०० |
| ४४ | ६११२२३५०००८१ | अफिस टेबल (Office Table) | पिस/थान | ६ | १५६,१५८.०० | ० | 0.00 | ० | 0.00 | ६ | १५६,१५८.०० |
| ४५ | ६११२२३९००००७ | साइन बोर्ड | पिस/थान | २ | १९,२००.०० | ० | 0.00 | ० | 0.00 | २ | १९,२००.०० |
| ४६ | ६११२२३९०००१० | चेक राइटर | पिस/थान | १ | १३,५६०.०० | ० | 0.00 | ० | 0.00 | १ | १३,५६०.०० |
| ४७ | ६११२२३९०००१५ | हाजिर मेशिन | पिस/थान | १ | ३०,८२५.०० | ० | 0.00 | ० | 0.00 | १ | ३०,८२५.०० |
| ४८ | ६११२२३९०००१८ | उजुरी पेटिका | पिस/थान | १ | ३,३९०.०० | ० | 0.00 | ० | 0.00 | १ | ३,३९०.०० |
| ४९ | ६११२२३९०००३१ | सूचना पाटी | पिस/थान | १ | ४,०६८.०० | ० | 0.00 | ० | 0.00 | १ | ४,०६८.०० |
| ५० | ६११२२३९०००३५ | ग्यास सिलिण्डर | पिस/थान | १ | ४,०००.०० | ० | 0.00 | ० | 0.00 | १ | ४,०००.०० |
| ५१ | ६११२२३९०००४२ | ग्यास चुल्हो | पिस/थान | १ | ३,०००.०० | ० | 0.00 | ० | 0.00 | १ | ३,०००.०० |
| ५२ | ६११३२३१००००५ | वेभसाइट (Website) | पिस/थान | १ | ११९,७८०.०० | ० | 0.00 | ० | 0.00 | १ | ११९,७८०.०० |
| ५३ | ६११३२५३०००१९ | पुस्तक | पिस/थान | ४७ | ३०,०९४.०० | ० | 0.00 | ० | 0.00 | ४७ | ३०,०९४.०० |

शाखा अधिकृत

उपसचिव

2026-06-13

Page 3 of 4



| जम्मा | | २०४ | ११,१३५,६८२.५० | १० | ३८५,२८५.९३ | ० | | ०.०० | २१४ | ११,५१९,९६८.५३ |
|---|---|---|---|---|---|---|---|---|---|---|

तयार गर्ने :
नाम:
पद:
मिति:

सिफारिस गर्ने :
नाम:
पद:
मिति:

शाखा अधिकृत

प्रमाणित गर्ने :
नाम:
पद:
मिति:

उपसचिव

कोशी प्रदेश सरकार
प्रदेश लगानी प्राधिकरणको कार्यालय
विराटनगर, नेपाल

परियोजनासँग सम्बन्धित फोटो संग्रहः




सार्वजनिक निजी साझेदारीमा कोशी प्रदेशमै पहिलो पटक सञ्चालनमा आएको धनकुटा जिल्ला स्थित भेडेटार स्काइ वाक परियोजना



बेलका नगरपालिका स्थित प्रस्तावित फोहोरमैला व्यवस्थापनसहित तथा मल कारखाना तथा पशुपालन परियोजनास्थल



दुहबी नगरपालिका स्थित प्रस्तावित फोहोरमैला व्यवस्थापन परियोजना र मल्टी चेम्बर कोल्ड स्टोरेज एण्ड एग्रो प्रोशेसिङ सेन्टर परियोजनाको स्थलगत अवलोकन



सार्वजनिक निजी साझेदारीमा कार्यान्वयनका लागि दमक नगरपालिका र मिक्लाजुङ गाउँपालिकामा रहेको प्रस्तावित परियोजनास्थल



रामधुनी नगरपालिकास्थित शंकरवेली ताल र रास ताल क्षेत्रको पूर्वाधार विकास निर्माण तथा सञ्चालन परियोजना